आठविसकोट नगरपालिकाको ३८ औं बैठक मिति २०७६/०५/०९ गते का दिन आठविसकोट नगरपालिकाको नगर कार्यपालिका बैठक हलमा नगर प्रमुख श्री गोर्खबहादुर के.सी. को अध्यक्षता र तपसिलकै सदस्यहरुको उपस्थितिमा बस्यो । उक्त बैठकमा तपसिलमा उल्लेखित प्रस्तावहरु निर्णयार्थ पेश गरियो ।

| क्र.स | पदाधिकारीहरुको विवरण | | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | नाम, थर | ठेगाना | | २०७६/०५/०९ | |
| १ | गोर्ख बहादुर के.सी. | आठविसकोट-१० | नगर प्रमुख | | |
| २ | गीता नेपाली | आठविसकोट-११ | नगर उपप्रमुख | | |
| ३ | रामबहादुर के.सी. | चौरजहारी नपा-१२ | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | देवबहादुर घर्ती | आठविसकोट-१ | वडा अध्यक्ष | | |
| ५ | देवबहादुर यरी | आठविसकोट-२ | वडा अध्यक्ष | | |
| ६ | केशरमान वि.क. | आठविसकोट-३ | वडा अध्यक्ष | — | |
| ७ | बाबुराम विष्ट | आठविसकोट-४ | वडा अध्यक्ष | — | |
| ८ | प्रजिते कामी | आठविसकोट-५ | वडा अध्यक्ष | — | |
| ९ | डिल बहादुर सार्की | आठविसकोट-६ | वडा अध्यक्ष | — | |
| १० | नवराज बुढा | आठविसकोट-७ | वडा अध्यक्ष | — | |
| ११ | मनबहादुर चदारा | आठविसकोट-८ | वडा अध्यक्ष | | |
| १२ | तारक बहादुर शाही | आठविसकोट-९ | वडा अध्यक्ष | — | |
| १३ | गंगाराम चनारा | आठविसकोट-१० | वडा अध्यक्ष | | |
| १४ | हस्ते आग्री | आठविसकोट-११ | वडा अध्यक्ष | | |
| १५ | खुम्मे कुसारी | आठविसकोट-१२ | वडा अध्यक्ष | | |
| १६ | विनोद पुन | आठविसकोट-१३ | वडा अध्यक्ष | | |
| १७ | हकुम बहादुर पुन | आठविसकोट-१४ | वडा अध्यक्ष | | |
| १८ | कल्पना खड्का | आठविसकोट-१४ | कार्यपालिका सदस्य | | |
| १९ | सिता शाह | आठविसकोट-१० | कार्यपालिका सदस्य | — | |
| २० | प्रभा मल्ल वि.क. | आठविसकोट-४ | कार्यपालिका सदस्य | | |
| २१ | प्रेङका यरी | आठविसकोट-२ | कार्यपालिका सदस्य | | |
| २२ | आशिराम विश्वकर्मा | आठविसकोट-१३ | कार्यपालिका सदस्य | — | |
| २३ | गोरख बहादुर कामी | आठविसकोट-११ | कार्यपालिका सदस्य | | |
| २४ | धन्नामे परियार | आठविसकोट-३ | कार्यपालिका सदस्य | | |
| २५ | मनकली कामी | आठविसकोट-११ | कार्यपालिका सदस्य | | |
| २६ | धर्मकुमारी शाही | आठविसकोट-७ | का.व. अध्यक्ष | — | |
| २८ | गणेश चन्द | चौरजहारी नपा-१४ | सूचना प्रविधि अधिकृत | | |
| २९ | आमन्त्रित | | | | |
| | मन शर्मा | आ.न.पा.-६ | वि.वि. अध्यक्ष | | |
| | वीर वि.क. | आ.न.पा.-४ | वि.वि. अध्यक्ष | | |

वीर वि.कामी आ.न.पा.-११ वि.वि.

| २०७६ भाद्र ९ गतेको नगर कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु | | |
|---|---|---|
| क्र.सं. | प्रस्तावको विवरण | कैफियत |
| १ | आर्थिक वर्ष २०७५।०७६ को खर्च सार्वजनिक तथा अनुमोदन सम्बन्धी प्रस्ताव | |
| २ | आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश सुर्खेतमा समपूरक र विशेष अनुदानको लागि योजना छनौट गरी सिफारिस गर्ने सम्बन्धी प्रस्ताव | समपूरक अनुदान र विशेष अनुदानको लागि बढिमा ३/३ वटा योजना छनौट गर्नुपर्ने । छनौट हुने योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार भएको एवम् समपूरक अनुदानको लागि कम्तिमा एक करोड र विशेष अनुदानको लाग कम्तिमा पचास लाख लागत अनुमान हुनुपर्ने । यही २०७६ भाद्र १५ गतेभित्र तोकिएको ढाँचामा आवश्यक कागजात संलग्न राखि पेश गरिसक्नुपर्ने । छनौट हुने योजनाहरु नगरसभाबाट पारित वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालिन खर्च संरचनामा समावेश भएको हुनुपर्ने । समपूरक अनुदानको लागि नगरपालिकाले समेत समपूरक अनुदान सम्बन्धी कार्यविधि बमोजिम साझेदारी गर्नुपर्ने । |
| ३ | करारमा कार्यरत कर्मचारीहरुको तलब स्केल निर्धारण सम्बन्धी प्रस्ताव | निजामति कर्मचारी एवम् प्रदेश तथा स्थानीय तहमा समायोजना भएका स्थायी कर्मचारीहरुको तलब बढेको सन्दर्भमा सोही अनुरुप नगरपालिकाको स्रोत साधन समेतलाई विश्लेषण गरि निर्णय गर्नुपर्ने । करार सेवा अवधि, कार्य अनुभव, कार्य प्रकृति, कार्य सम्पादन क्षमता र कार्य व्यस्थताको आधारमा तलब स्केल तोक्न उपयुक्त हुने । |
| ४ | विभिन्न सामुदायिक विद्यालयहरुका प्रधानाध्यापक छनौट सम्बन्धी प्रस्ताव | नगरपालिकाबाट प्रधानाध्यापक पदको लागि दरखास्त पेश गर्न प्रकाशित सूचना अनुसार तोकिएको अवधिभित्र रितपूर्वक दरखास्त परेका आवेदनहरुको आठविसकोट नगर शिक्षा ऐन तथा नियमावली एवम् सूचनामा उल्लेखित मापदण्ड र शर्तहरु समेतको आधारमा छानबिन गरी प्रधानाध्यापक छनौटको निर्णय हुनुपर्ने । |
| ५ | पाँचौं विद्यालय अनुगमन प्रतिवेदन पारित गर्ने सम्बन्धी प्रस्ताव | नगर शिक्षा समितिबाट पारित भई निर्णयको लागि नगर कार्यपालिकामा सिफारिस भएको प्रतिवेदनमा आवश्यक छलफल गरी पारित गर्नुपर्ने । |
| ६ | आठविसकोट नगरपालिका शैक्षिक गुणस्तर परिक्षण केन्द्रमा रहने पदाधिकारी तथा कर्मचारीहरु भर्ना सम्बन्धी प्रस्ताव | आठविसकोट नगरपालिका शैक्षिक गुणस्तर परिक्षण केन्द्र सम्बन्धी कार्यविधि अनुसारका पदाधिकारी तथा कर्मचारीहरुको छनौट प्रचलित मापदण्ड र प्रक्रिया अनुसार गर्नुपर्ने । |
| ७ | उच्च शिक्षा अध्ययन गर्न इच्छुक एवम् योग्य विद्यार्थीहरुलाई शैक्षिक ऋण तथा छात्रवृत्ती उपलब्ध गराउन विषयगत कोटा निर्धारण तथा छनौटको लागि दरखास्त आह्वान गर्ने सम्बन्धी प्रस्ताव | आठविसकोट नगरपालिका शैक्षिक ऋण सम्बन्धी कार्यविधि, २०७५ तथा आठविसकोट नगरपालिका छात्रवृत्ती सम्बन्धी कार्यविधि, २०७४ अनुसारको मापदण्ड र प्रक्रिया अनुसार कोटा निर्धारण गर्नुपर्ने एवम् सोही कार्यविधि अनुसार विद्यार्थी छनौट गरी स्वीकृत वार्षिक कार्यक्रम अनुसार शैक्षिक ऋण तथा छात्रवृत्ति उपलब्ध गराउनु पर्ने । |
| ८ | विविध | विविध समसामयिक विषयहरुमा छलफल तथा निर्णय गर्नुपर्ने । |

## नगर कार्यपालिकाको मिति २०७६।०५।०९ गतेका निर्णयहरु

निर्णय नं. १ : आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश सुर्खेतमा समपूरक र विशेष अनुदानको लागि योजना छनौट गरी सिफारिस गर्ने सम्बन्धी प्रस्ताव को सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो :-

समपूरक अनुदानको लागि देहाय बमोजिमका योजनाहरु छनौट गरी सिफारिस गर्ने ।

(क) आठविसकोट नगर अस्पताल भवन निर्माण (क्रमागत)

(ख) राडिज्यूउला – दाजे – बझ्रे सडक निर्माण तथा स्तरोन्नति

(ग) कालाखोला – ठूलीवार्खु सडक निर्माण तथा स्तरोन्नति

१. विशेष अनुदानको लागि देहाय बमोजिमका योजनाहरु छनौट गरी सिफारिस गर्ने ।

(क) पहिरो पिडित तथा विपद् जोखिमको हिसाबले जोखिमपूर्ण स्थानहरुका घर परिवारहरुको आवास निर्माण (एकीकृत बस्ति विकास कार्यक्रम)

(ख) साईकुमारी आधारभूत विद्यालय रोकाजाखेत चार कोठे भवन निर्माण

(ग) गिजागाडखोला तटवन्धन (वडा नं. ११ सिमबजार क्षेत्र)

निर्णय नं. २ : (क) Agriculture Sector Development Project (ASDP) सँग साझेदारीको लागि देहायका आयोजनाहरु छनौट गर्ने निर्णय गरियो :-

| क्र.स. | आयोजनाको नाम | आयोजना कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | बाँकेज्यूउला – ज्यामिरकोट – टाकुरा सडक निर्माण | वडा नं. १४ | |
| २. | सुन्तला, कागती र आँपको पकेट क्षेत्र विस्तार | वडा नं. १४ | |
| ३. | घोप्टे ओडर चेप्टे ढुङ्गा ज्यामिरकोट सिँचाई | वडा नं. १४ | |
| ४. | दाजे बझ्रे सडक निर्माण | वडा नं. ८ | |
| ५. | बझ्रे स्याउ तथा चुर्तिपाखा अनार पकेट क्षेत्र निर्माण | वडा नं. ८ | |
| ६. | तेस्रापानी बझ्रे चुर्तिपाखा सिँचाई | वडा नं. ८ | |
| ७. | राडिज्यूउला बसपार्कदेखि बटालागाउँ चिप्लेखेल्ने बुगेरी घर्तिगाउँ लाँता सडक निर्माण | वडा नं. ९ र १० | |
| ८. | सुन्तला, कागति तथा अलैंची पकेट क्षेत्र निर्माण | वडा नं. ८ र ९ | |
| ९. | भेरीखोला लाँता घर्तिगाउँ सिँचाई | वडा नं. ८ र ९ | |
| १०. | ढुङ्गेला डाँफे सडक निर्माण | वडा नं. ७ | |
| ११. | सुन्तला तथा मसला बालि पकेट क्षेत्र निर्माण | वडा नं. ७ | |
| १२. | घट्टेखोला डाँफे सिँचाई | वडा नं. ७ | |
| १३. | मूलतारा होलीकाँडा सडक निर्माण | वडा नं. ६ | |
| १४. | होलीकाँडा स्याउ ओखर पकेट क्षेत्र निर्माण | वडा नं. ६ | |
| १५. | बारी होलीकाँडा सिँचाई | वडा नं. ६ | |
| १६. | गत्तसैना लिफ्ट सिँचाई | वडा नं. ११ | |
| १७. | गत्तसैना आँप, मेवा, अम्वा पकेट क्षेत्र निर्माण | वडा नं. ११ | |

| | | | |
|---|---|---|---|
| १८. | झ्यारमखोला धैरेना सिँचाई | वडा नं. ११ | |
| १९. | धैरेना मेवा, अम्वा, आँप पकेट क्षेत्र | वडा नं. ११ | |
| २०. | सुन्तला तथा आँप पकेट क्षेत्र | वडा नं. ११ | |

(ख) ASDP सँग साझेदारीको लागि नगरपालिकाको तर्फबाट व्यहोर्नुपर्ने हिस्सा अनुसारको लगानी गर्न नगरपालिका पूर्ण प्रतिवद्ध रहेको र उक्त आयोजना कार्यान्वयनको लागि नगरपालिकाको तर्फबाट पूर्ण सहयोग र समन्वय गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : ठूलीभेरी नदीको करिब ७० किलोमिटर तटिय क्षेत्र छिन्चु – जाजरकोट – डोल्पा सडक एवम् नदीको वहावको कारण नदि कटानको उच्च जोखिममा रहेको, नदीको कटानको कारण सयौं घरपरिवार विस्थापित हुने अवस्थामा पुगेको एवम् सोही कारण वर्षेनी ठूलो धनजनको क्षति भईरहेको सन्दर्भमा नदी कटानको कारण उच्च जोखिममा रहेका स्थानहरुमा तटवन्धन गरी सुरक्षित वस्ति विकास गर्न एवम् ती क्षेत्रहरुमा सिँचाईको भरपर्दो व्यवस्था गर्न आवश्यक बजेट व्यवस्थापनको लागि उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं. ४ : वर्षाको कारण अवरुद्ध भएका सडकहरु मर्मत संभार गरी आवतजावत सुचारु गर्न देहाय बमोजिम गर्ने :–

(क) मर्मत संभार गर्नुपर्ने सडकहरुको पहिचान गरी यथाशीघ्र प्राविधिक इष्टिमेट तयार गर्ने ।

(ख) मर्मत संभार कार्यको लागि नगरपालिकाको एक्स्ट्राभेटर र ब्याकओ लोडर तयारी अवस्थामा राखे ।

(ग) सडकहरुको मर्मत संभारको कार्य नगर प्रहरी मार्फत नगरपालिकाको एक्स्ट्राभेटर र ब्याकओ लोडरबाट मात्र गर्ने ।

(घ) श्रमिकहरुबाट मर्मत संभार हुन सक्ने सडकहरुमा सोही अनुरुप श्रमिकहरुबाट नै आवश्यक प्रक्रिया पूरा गरी प्रधानमन्त्री रोजगार कार्यक्रमसँग तादाम्यता हुने गरी मर्मत संभार गर्ने ।

निर्णय नं. ५ : आर्थिक वर्ष २०७५।०७६ को खर्च सार्वजनिक तथा अनुमोदन सम्बन्धी देहायको प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

## (क) खर्च सारांश

| बजेट उप शिर्षक नं. | वार्षिक आय | | | निकासा | | | खर्च | | | बाँकी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालू | पुँजीगत | जम्मा | चालू | पुँजीगत | जम्मा | चालू | पुँजीगत | जम्मा | चालू | पुँजीगत | जम्मा |
| ८०१३१६३ | संघीय वित्तिय समानीकरण अनुदान | | | | | | | | | | | |
| | - | 109,200,000.00 | 109,200,000.00 | - | 109,200,000.00 | 109,200,000.00 | - | 109,200,000.00 | 109,200,000.00 | - | - | - |
| ८०१३१६३ | प्रदेश वित्तीय समानिकरण अनुदान | | | | | | | | | | | |
| | | 5,300,000.00 | 5,300,000.00 | | 5,300,000.00 | 5,300,000.00 | | 5,300,000.00 | 5,300,000.00 | | - | - |
| ८०१३१६३ | सशर्त अनुदान | | | | | | | | | | | |
| | 138,896,000.00 | - | 138,896,000.00 | 137,841,000.00 | - | 137,841,000.00 | 137,841,000.00 | - | 137,841,000.00 | 1,055,000.00 | - | 1,055,000.00 |
| | राजश्व बाँडफाँड संघ | | | | | | | | | | | |
| | 82,403,785.00 | - | 82,403,785.00 | 82,403,785.00 | - | 82,403,785.00 | 82,196,291.07 | 14,114,622.00 | 96,310,913.07 | 207,493.93 | (14,114,622.00) | (13,907,128.07) |
| | आन्तरिक स्रोत | | | | | | | | | | | |
| | 21,589,630.93 | - | 21,589,630.93 | 21,589,630.93 | - | 21,589,630.93 | 21,589,630.93 | - | 21,589,630.93 | - | - | - |
| | गत वर्षको अल्या | | | | | | | | | | | |
| | - | 3,723,011.00 | 3,723,011.00 | | 3,723,011.00 | 3,723,011.00 | - | 3,723,011.00 | 3,723,011.00 | | - | - |
| | बेरुजु असुलीबाट प्राप्त आम्दानी | | | | | | | | | | | |
| | | 3,309,583.00 | 3,309,583.00 | | 3,309,583.00 | 3,309,583.00 | | 3,309,583.00 | 3,309,583.00 | | - | - |
| | एकल खाता कोषबाट कन्टिन्जेन्सी र मर्मत संभार वापत प्राप्त आम्दानी | | | | | | | | | | | |
| | | 4,374,958.00 | 4,374,958.00 | | 4,374,958.00 | 4,374,958.00 | | 4,374,958.00 | 4,374,958.00 | | - | - |
| | धरौटी खाता (०९२०००००४ GE) बाट सापटी प्राप्त रकम | | | | | | | | | | | |
| | | 7,477,000.00 | 7,477,000.00 | | 7,477,000.00 | 7,477,000.00 | | 7,477,000.00 | 7,477,000.00 | | - | - |
| ३७११०८३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | | | | | | | | | | | |
| | 4,541,000.00 | | 4,541,000.00 | 4,400,006.00 | | 4,400,006.00 | 4,400,006.00 | | 4,400,006.00 | 140,994.00 | | 140,994.00 |
| ३२५१०६४ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | | | | | | | | | | | |
| | | 2,500,000.00 | 2,500,000.00 | | 2,429,575.00 | 2,429,575.00 | | 2,429,575.00 | 2,429,575.00 | | 70,425.00 | 70,425.00 |
| ७०६३३३५१४ | डिजिटल विद्यालय कार्यक्रम | | | | | | | | | | | |
| | | 1,250,000.00 | 1,250,000.00 | | 1,250,000.00 | 1,250,000.00 | | 1,250,000.00 | 1,250,000.00 | | - | - |
| ३६५१५८३ | LGCDP | | | | | | | | | | | |
| | 305,000.00 | | 305,000.00 | 305,000.00 | | 305,000.00 | 305,000.00 | | 305,000.00 | - | | - |
| | सडक बोर्ड | | | | | | | | | | | |
| | | 3,000,000.00 | 3,000,000.00 | | 900,000.00 | 900,000.00 | | 900,000.00 | 900,000.00 | | 2,100,000.00 | 2,100,000.00 |
| | कृषि ज्ञान केन्द्र | | | | | | | | | | | |
| | | 10,000,000.00 | 10,000,000.00 | | 10,000,000.00 | 10,000,000.00 | | 10,000,000.00 | 10,000,000.00 | | - | - |

आठबिसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठबिसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| बजेट उप शिर्षक नं. | वार्षिक आय | | | निकासा | | | खर्च | | | बाँकी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालू | पुँजीगत | जम्मा | चालू | पुँजीगत | जम्मा | चालू | पुँजीगत | जम्मा | चालू | पुँजीगत | जम्मा |
| ७०६३५३९१३ | भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र | | | | | | | | | | | |
| | | 4,139,095.00 | 4,139,095.00 | | 4,139,095.00 | 4,139,095.00 | | 4,139,095.00 | 4,139,095.00 | | - | - |
| ८०१३१६३ | समपूरक अनुदान संघ | | | | | | | | | | | |
| | | 20,368,000.00 | 20,368,000.00 | | 20,368,000.00 | 20,368,000.00 | | 20,368,000.00 | 20,368,000.00 | | - | - |
| ६०६३२३५२ | समपूरक अनुदान प्रदेश | | | | | | | | | | | |
| | | 10,000,000.00 | 10,000,000.00 | | 10,000,000.00 | 10,000,000.00 | | 10,000,000.00 | 10,000,000.00 | | - | - |
| ८०१३१६३ | विशेष अनुदान संघ | | | | | | | | | | | |
| | | 30,000,000.00 | 30,000,000.00 | | 30,000,000.00 | 30,000,000.00 | | 30,000,000.00 | 30,000,000.00 | | - | - |
| ३१२०१२३ | प्राङ्गारिक मिसन कार्यक्रम | | | | | | | | | | | |
| | 20,000,000.00 | 30,000,000.00 | 50,000,000.00 | 20,000,000.00 | 30,000,000.00 | 49,682,382.00 | 20,000,000.00 | 29,682,382.00 | 49,682,382.00 | | 317,618.00 | 317,618.00 |
| ३६५८०९४ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | | | | | | | | | | | |
| | | 15,023,000.00 | 15,023,000.00 | | 14,991,947.00 | 14,991,947.00 | | 14,991,947.00 | 14,991,947.00 | | 31,053.00 | 31,053.00 |
| ३६५८४७३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | | | | | | | | | | | |
| | 1,889,000.00 | - | 1,889,000.00 | 1,867,568.00 | - | 1,867,568.00 | 1,867,568.00 | - | 1,867,568.00 | 21,432.00 | - | 21,432.00 |
| ३६५०१५३ | सामाजिक सुरक्षा | | | | | | | | | | | |
| | 38,196,000.00 | - | 38,196,000.00 | 38,092,400.00 | - | 38,092,400.00 | 38,092,400.00 | - | 38,092,400.00 | 103,600.00 | - | 103,600.00 |
| ६०१०१४३ | संचित विदा खर्च | | | | | | | | | | | |
| | 468,723.20 | | 468,723.20 | 468,723.20 | | 468,723.20 | 468,723.20 | | 468,723.20 | - | | - |
| ६०१०१८३ | औषधी उपचार खर्च | | | | | | | | | | | |
| | 575,251.20 | | 575,251.20 | 575,251.20 | | 575,251.20 | 575,251.20 | | 575,251.20 | - | | - |
| | कूल जम्मा | | | | | | | | | | | |
| | 308,864,390.33 | 259,664,647.00 | 568,529,037.33 | 307,543,364.33 | 257,463,169.00 | 564,688,915.33 | 307,335,870.40 | 271,260,173.00 | 578,596,043.40 | 1,528,519.93 | (11,595,526.00) | (10,067,006.07) |
| | नगरपालिकाको सञ्चित कोष कूल जम्मा | | | | | | | | | | | |
| | 242,889,415.93 | 200,891,647.00 | 443,781,062.93 | 241,834,415.93 | 198,791,647.00 | 440,626,062.93 | 241,626,922.00 | 212,906,269.00 | 454,533,191.00 | 1,262,493.93 | - 12,014,622.00 | - 10,752,128.07 |
| | वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडमात्र कूल जम्मा | | | | | | | | | | | |
| | 242,889,415.93 | 133,384,552.00 | 376,273,967.93 | 241,834,415.93 | 133,384,552.00 | 375,218,967.93 | 241,626,922.00 | 147,499,174.00 | 389,126,096.00 | 1,262,493.93 | (14,114,622.00) | (12,852,128.07) |

(ख) विषय क्षेत्रगत खर्च (रु हजारमा)

| संकेत नं. | शीर्षक | आ.व.२०७५/७६ को अनुमान | श्रोत: अन्तर सरकारी वित्तीय हस्तान्तरण – नेपाल सरकार/प्रदेश सरकार | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| | आर्थिक विकास | 37,457.41 | 37,457.41 | 17,291.30 | 20,166.11 |
| | कृषि | 22,604.41 | 22,604.41 | 9,251.96 | 13,352.45 |
| | उद्योग तथा वाणिज्य | 10,000.00 | 10,000.00 | 4,362.37 | 5,637.63 |
| | पर्यटन | 3,000.00 | 3,000.00 | 3,229.47 | (229.47) |
| | सहकारी | 1,853.00 | 1,853.00 | 447.50 | 1,405.50 |
| | सामाजिक विकास | 61,483.27 | 61,483.27 | 60,548.03 | 935.24 |
| | शिक्षा | 28,875.79 | 28,875.79 | 29,396.64 | (520.85) |
| | स्वास्थ्य | 11,517.43 | 11,517.43 | 16,290.52 | (4,773.09) |
| | खानेपानी तथा सरसफाइ | 6,650.00 | 6,650.00 | 6,859.64 | (209.64) |
| | संस्कृति प्रवर्द्धन | 1,150.00 | 1,150.00 | 1,265.47 | (115.47) |
| | खेलकुद तथा मनोरञ्जन | 3,897.00 | 3,897.00 | 2,219.48 | 1,677.52 |
| | लैगिक समानता तथा सामाजिक समावेशीकरण | 9,393.05 | 9,393.05 | 4,516.29 | 4,876.77 |
| | पूर्वाधार विकास | 39,127.00 | 39,127.00 | 44,987.76 | (5,860.76) |
| | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | 15,189.00 | 15,189.00 | 26,232.32 | (11,043.32) |
| | सिंचाई | 2,900.00 | 2,900.00 | 2,889.04 | 10.96 |
| | भवन तथा सहरी विकास | 7,988.00 | 7,988.00 | 4,845.16 | 3,142.84 |
| | उर्जा, लघु तथा साना जलविधुत (वैकल्पिक उर्जा समेत) | 9,050.00 | 9,050.00 | 7,129.25 | 1,920.76 |
| | सञ्चार | 4,000.00 | 4,000.00 | 3,892.00 | 108.00 |
| | वातावरण तथा विपद व्यवस्थापन | 6,480.66 | 6,480.66 | 5,847.21 | 633.45 |
| | वन तथा भु-संरक्षण | 1,100.00 | 1,100.00 | 978.31 | 121.69 |
| | जलाधार संरक्षण | 1,080.00 | 1,080.00 | - | 1,080.00 |
| | वातावरण संरक्षण, जलवायु परिवर्तन | 554.08 | 554.08 | - | 554.08 |
| | फोहरमैला तथा ढल व्यवस्थापन | 1,800.00 | 1,800.00 | 4,144.50 | (2,344.50) |
| | जलउत्पन्न प्रकोप नियन्त्रण | 900.00 | 900.00 | - | 900.00 |

| संकेत नं. | शीर्षक | आ.व.२०७५/७६ को अनुमान | श्रोत: अन्तर सरकारी वित्तीय हस्तान्तरण नेपाल सरकार/प्रदेश सरकार | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| | विपद व्यवस्थापन | 1,046.58 | 1,046.58 | 724.40 | 322.18 |
| | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 1,354.62 | 1,354.62 | 7,318.18 | (5,963.56) |
| | सुरक्षा व्यवस्थापन | 32.39 | 32.39 | 450.90 | (418.51) |
| | सूचना प्रविधि | - | - | 1,070.61 | (1,070.61) |
| | स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन | 289.93 | 289.93 | 1,940.50 | (1,650.57) |
| | सुशासन प्रवर्द्धन | - | - | - | - |
| | अनुसन्धान तथा विकास | - | - | 1,125.00 | (1,125.00) |
| | अन्यत्र वर्गिकृत नभएको | 1,032.30 | 1,032.30 | 2,731.16 | (1,698.86) |
| कूल जम्मा | | 145,902.96 | 145,902.96 | 135,992.47 | 9,910.49 |

(ग) विषय क्षेत्रगत खर्च

| | खर्च शीर्षक | वार्षिक बजेट | खर्च | बाँकी |
|---|---|---|---|---|
| | चालु खर्च (क) | 103,993,416.00 | 103,785,922.00 | 207,494.00 |
| १ | पारिश्रमिक पदाधिकारी | 15,000,000.00 | 14,665,683.000 | 334,317.00 |
| २ | पारिश्रमिक कर्मचारी (तलब पोशाक स्थानीय भत्ता महंगी भत्ता समेत) | 13,100,000.00 | 13,095,453.000 | 4,547.00 |
| ३ | कर्मचारी प्रोत्साहन तथा पुरुस्कार | 100,000.00 | 23,279.000 | 76,721.00 |
| ४ | कर्मचारीको बैठक भत्ता | 800,000.00 | 826,010.000 | (26,010.00) |
| ५ | अन्य भत्ता | 100,000.00 | 364,478.000 | (264,478.00) |
| ६ | पदाधिकारी बैठक भत्ता | 2,700,000.00 | 2,621,640.000 | 78,360.00 |
| ७ | पदाधिकारीको अन्य सुविधा | 400,000.00 | 359,114.000 | 40,886.00 |
| ८ | मसलन्द तथा कार्यालय सामग्री | 5,000,000.00 | 4,630,331.000 | 369,669.00 |

| | खर्च शीर्षक | वार्षिक बजेट | खर्च | बाँकी |
|---|---|---|---|---|
| ९ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | 700,000.00 | 674,857.000 | 25,143.00 |
| १० | सवारी साधन मर्मत खर्च | 3,000,000.00 | 2,901,548.000 | 98,452.00 |
| ११ | मेसीनरी तथा औजार सञ्चालन तथा संभार खर्च | 400,000.00 | 361,378.000 | 38,622.00 |
| १२ | कार्यक्रम खर्च | 2,000,000.00 | 1,264,416.000 | 735,584.00 |
| १३ | अन्य सेवा शुल्क | 7,000,000.00 | 6,849,964.000 | 150,036.00 |
| १४ | सेवा र परामर्श खर्च | 2,000,000.00 | 1,593,600.000 | 406,400.00 |
| १५ | अनुगमन तथा मूल्यांकण खर्च | 3,000,000.00 | 2,732,149.000 | 267,851.00 |
| १६ | भ्रमण खर्च | 200,000.00 | 121,497.000 | 78,503.00 |
| १७ | सवारी साधन तथा मेशीनरी औजार भाडा | 800,000.00 | 875,020.000 | (75,020.00) |
| १८ | पानी बिजुली | 100,000.00 | - | 100,000.00 |
| १९ | संचार महशुल | 100,000.00 | 24,900.000 | 75,100.00 |
| २० | कर्मचारी तालिम | 1,000,000.00 | 419,010.000 | 580,990.00 |
| २१ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठीसम्बन्धी खर्च | 800,000.00 | 648,350.000 | 151,650.00 |
| २२ | विविध कार्यक्रम खर्च | 50,000.00 | 66,410.000 | (16,410.00) |
| २३ | विमा खर्च | 500,000.00 | 326,844.000 | 173,156.00 |
| २४ | घर भाडा | 1,000,000.00 | 1,947,415.000 | (947,415.00) |
| २५ | ईन्धन खर्च | 1,153,786.00 | 1,157,160.000 | (3,374.00) |
| २६ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च | 500,000.00 | - | 500,000.00 |
| २७ | ईन्धन अन्य प्रयोजन | 100,000.00 | - | 100,000.00 |
| २८ | विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत प्रारम्भिक बाल विकास केन्द्र देखि कक्षा १० सम्मका स्वयमसेवक करार शिक्षकका लागि तलब भत्ता अनुदान | 33,589,630.00 | 36,062,364.000 | (2,472,734.00) |
| २९ | सभा सञ्चालन खर्च | - | - | - |
| ३० | उद्धार, राहत तथा पुनस्थापना खर्च | 1,000,000.00 | 1,693,490.000 | (693,490.00) |

| | खर्च शीर्षक | वार्षिक बजेट | खर्च | बाँकी |
|---|---|---|---|---|
| ३१ | करार सेवा शुल्क (गाउँघर क्लिनिकमा कार्यरत स्वास्थ्यकर्मीहरु र कृषि सेवा केन्द्रमा कार्यरत कृषि प्राविधिकहरुको पारिश्रमिक) | 4,000,000.00 | 4,481,972.000 | (481,972.00) |
| ३२ | औषधि खरिद खर्च | 800,000.00 | - | 800,000.00 |
| ३३ | विविध खर्च | 3,000,000.00 | 2,997,590.000 | 2,410.00 |
| | पूँजिगत खर्च (ख) | 133,384,552.00 | 146,854,492.00 | (13,469,940.00) |
| १ | जग्गा खरिद | 2,800,000.00 | 2,861,500.000 | (61,500.00) |
| २ | भवन निर्माण/खरिद | 2,500,000.00 | 881,620.000 | 1,618,380.00 |
| ३ | फर्निचर तथा फिक्चर | 1,300,000.00 | 2,746,142.000 | (1,446,142.00) |
| ४ | सवारी साधन | 900,000.00 | - | 900,000.00 |
| ५ | मेशिनरी औजार | 500,000.00 | 1,228,567.000 | (728,567.00) |
| ६ | पुंजीगत सुधार खर्च भवन | 500,000.00 | 728,853.000 | (228,853.00) |
| ७ | पुजीगत सुधार खर्च सार्वजनिक निर्माण | 122,384,552.00 | 138,040,560.000 | (15,656,008.00) |
| ८ | पूँजिगत अनुसन्धान तथा परामर्श | 2,500,000.00 | 367,250.000 | 2,132,750.00 |
| | कूल जम्मा | 237,377,968.00 | 250,640,414.00 | (13,262,446.00) |

(घ) विषय क्षेत्रगत खर्च (रु हजारमा)

| मूल कार्यक्रमको नाम | खर्च शिर्षक नं. | अनुदानको प्रकार | भुक्तानी विधि | स्रोत | कूल बजेट रु हजारमा | निकासा रकम रु हजारमा | खर्च रु हजारमा | बाँकी रु हजारमा |
|---|---|---|---|---|---|---|---|---|
| राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 1,590.00 | 1,590.00 | 1,590.00 | - |
| कृषि विभाग | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 1,826.00 | 1,826.00 | 1,826.00 | - |
| पशु सेवा विभाग | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 2,712.00 | 2,712.00 | 2,712.00 | - |
| कृषक पाठशाला संचालन (पशु/कृषि) सम्बन्धी | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 200.00 | 200.00 | 200.00 | - |
| माटो परीक्षण तथा सुधार सेवा कार्यक्रम | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 40.00 | 40.00 | 40.00 | - |

| मूल कार्यक्रमको नाम | खर्च शिर्षक नं. | अनुदानको प्रकार | भुक्तानी विधि | स्रोत | कूल बजेट रु हजारमा | निकासा रकम रु हजारमा | खर्च रु हजारमा | बाँकी रु हजारमा |
|---|---|---|---|---|---|---|---|---|
| सहकारी खेती, साना सिंचाइ तथा मल बीउ ढुवानी कार्यक्रम | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 540.00 | 540.00 | 540.00 | - |
| पशु स्वास्थ्य ,रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 66.00 | 66.00 | 66.00 | - |
| पशु विकास सेवा कार्यक्रम | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 370.00 | 370.00 | 370.00 | - |
| महिला विकास कार्यक्रम(महिला जागृति कार्यक्रम समेत) | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 731.00 | 731.00 | 731.00 | - |
| खेलकुद विकास कार्यक्रम | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 100.00 | 100.00 | 100.00 | - |
| समाज कल्याण कार्यक्रम (जेष्ठ नागरिक कार्यक्रम समेत) | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 130.00 | 130.00 | 130.00 | - |
| बाल कल्याण कार्यक्रम | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 53.00 | 53.00 | 53.00 | - |
| वातावरणीय सरसफाइ आयोजना | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 333.00 | 333.00 | 333.00 | - |
| सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रम | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 100.00 | 100.00 | 100.00 | - |
| ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 5,345.00 | 5,345.00 | 5,345.00 | - |
| सबैका लागि शिक्षा- आधारभूत/माध्यामिक तह | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 68,821.00 | 68,821.00 | 68,821.00 | - |
| विद्यालय क्षेत्र विकास कार्यक्रम- जिल्ला स्तर | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 28,949.00 | 28,949.00 | 28,949.00 | - |
| विद्यालय क्षेत्र विकास कार्यक्रम- जिल्ला स्तर | 26612 | सशर्त अनुदान | सोधभर्ना हुने अनुदान | एस.एस. डि. पि. | 4,970.00 | 4,970.00 | 4,970.00 | - |
| विद्यालय क्षेत्र विकास कार्यक्रम- जिल्ला स्तर | 26612 | सशर्त अनुदान | सोधभर्ना हुने ऋण | एस.एस. डि. पि. | 5,092.00 | 5,092.00 | 5,092.00 | - |
| प्राथमिक स्वास्थ्य सेवा (जनस्वास्थ्य कार्यालय, स्वास्थय केन्द्र, चौकी तथा उपचौकीहरू) | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 10,554.00 | 10,554.00 | 10,554.00 | - |
| राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 90.00 | 90.00 | 90.00 | - |
| एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | 26612 | सशर्त अनुदान | नगद अनुदान | नेपाल सरकार | 4,409.00 | 4,409.00 | 4,409.00 | - |
| एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | 26612 | सशर्त अनुदान | सोझै भुक्तानी हुने अनुदान | युनिसेफ | 859.00 | - | - | 859.00 |
| एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | 26612 | सशर्त अनुदान | सोझै भुक्तानी हुने अनुदान | यु एस एड | 176.00 | - | - | 176.00 |
| एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | 26612 | सशर्त अनुदान | सोधभर्ना हुने अनुदान | दाताको संयुक्त कोष | 565.00 | 565.00 | 565.00 | - |
| एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | 26612 | सशर्त अनुदान | नगद अनुदान | गाभी | 20.00 | - | - | 20.00 |
| क्षयरोग नियन्त्रण | 26612 | सशर्त अनुदान | नगद | नेपाल सरकार | 255.00 | 255.00 | 255.00 | - |
| सशर्त कूल जम्मा | | | | | 138,896.00 | | 137,841.00 | 1,055.00 |
| सार्वजनिक निर्माण | २६६१३ | समपूरक अनुदान | नगद | नेपाल सरकार | 20,368.00 | | 20,368.00 | - |

| मूल कार्यक्रमको नाम | खर्च शिर्षक नं. | अनुदानको प्रकार | भुक्तानी विधि | स्रोत | कूल बजेट रु हजारमा | निकासा रकम रु हजारमा | खर्च रु हजारमा | बाँकी रु हजारमा |
|---|---|---|---|---|---|---|---|---|
| सार्वजनिक निर्माण | २६६१४ | विशेष अनुदान | नगद | नेपाल सरकार | 30,000.00 | | 30,000.00 | - |
| सार्वजनिक निर्माण | २६६११ | वित्तीय समानीकरण अनुदान | नगद | नेपाल सरकार | 109,200.00 | | 109,200.00 | - |

<u>निर्णय नं. ६</u> : करारमा कार्यरत कर्मचारीहरुको तलब स्केल निर्धारण सम्बन्धी प्रस्ताव सम्बन्धमा देहाय बमोजिम गर्ने :-

(क) निरन्तर रुपमा पाँच वर्षभन्दा बढि अवधि करार सेवामा गा.वि.स./नगरपालिकामा निरन्तर रुपमा कार्यरत कर्मचारीहरुलाई यही २०७६ श्रावण १ गतेदेखि लागू हुने गरी नेपाल सरकारले तोकेको प्रचलित तलब, स्थानीय भत्ता र कानून बमोजिमको अन्य सुविधा उपलब्ध गराउने ।

(ख) न्यूनतम दुई वर्ष वा सोभन्दा बढि तर पाँच वर्षभन्दा कम करार अवधि भएका नगरपालिकामा निरन्तर रुपमा काम गरेका करार कर्मचारिहरुलाई यही २०७६ श्रावण १ गतेदेखि लागू हुने गरी नेपाल सरकारले तोकेको प्रचलित तलब स्केल उपलब्ध गराउने ।

(ग) दुई वर्षभन्दा कम करार अवधि भएका कर्मचारीहरुलाई यही २०७६ श्रावण १ गतेदेखि लागू हुने गरी साविककै तलब स्केल उपलब्ध गराउने ।

(घ) माथि खण्ड (क), (ख) र (ग) बमोजिम खटाईएको पदमा स्थायी कर्मचारी आएमा वा अन्य कुनै व्यवस्था भएमा सोही बमोजिम हुने गरी करार अवधि थप गर्ने ।

(ङ) सामाजिक परिचालिकाको रुपमा कार्यरत दिपा बुढालाई आठविसकोट नगरपालिका अन्तर्गत महिला, बालबालिका तथा समाजकल्यान उपशाखामा कुनै पनि कर्मचारी हालसम्म पनि समायोजन भई नआएकोले उक्त उपशाखाबाट सम्पादन हुने कार्यहरु सहज ढङ्गले सम्पादन गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्थायी कर्मचारी खटिई आएमा वा अर्को कुनै व्यवस्था भएमा सोही बमोजिम हुने गरी यहि २०७६ श्रावण १ गतेदेखि लागू हुने गरी मासिक रु १३,५००।०० (तेह्र हजार पाँच सयमात्र) उपलब्ध गराउने गरी करार अवधि थप गर्ने ।

निर्णय नं. ७ : विभिन्न सामुदायिक विद्यालयहरुका प्रधानाध्यापक छनौट सम्बन्धी प्रस्ताव सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो :–

(क) तोकिएको अवधिभित्र रितपूर्वक दरखास्त परेका, शिक्षा ऐन, नियमावली एवम् तोकिएको शर्त र मापदण्ड पूरा भएका नगर शिक्षा समितिको मिति २०७६ श्रावण २९ र ३० गते बसेको बैठकबाट शिक्षा, युवा तथा खेलकूद शाखा संयोजक श्री थलवीर ओलीको संयोजकत्वमा गठित सिफारिस समितिले पेश गरेको प्रतिवेदन समेतको आधारमा देहायका व्यक्तिहरुलाई प्रधानाध्यापक पदमा छनौट गर्ने निर्णय गरियो :–

| क्र.स. | विद्यालयको नाम | प्रधानाध्यापक पदमा छनौट भएका शिक्षकको नाम, थर | कैफियत |
|---|---|---|---|
| १ | श्री साईकुमारी आधारभुत विद्यालय रोकाजाखेत | दल बहादुर बुढा | |
| २ | श्री सरस्वति आधारभूत विद्यालय स्याला | तुल बहादुर यरी | |
| ३ | श्री हिमालय माध्यमिक विद्यालय खदी | कृष्णराज के.सी. | |
| ४ | श्री ज्ञानोदय माध्यामिक विद्यालय चौतारा | मरिचमान विष्ट | |
| ५ | श्री मस्ट कैलाश आधारभुत विद्यालय थापागाउं | धन प्रसाद शर्मा | |
| ६ | श्री बह्नमादेवि आधारभूत विद्यालय रिम्का | धन कुमारी शाही | |
| ७ | श्री सूर्योदय माध्यमिक विद्यालय होली | धनेश्वर शर्मा | नि. प्र.अ. |
| ८ | श्री मालिका आधारभूत विद्यालय छिमी | वल वहादुर वि.क. | |
| ९ | श्री कालिका आधारभुत विद्यालय मन्काबगर | लाल बहादुर रोकाय | |
| १० | श्री भानुभक्त आधारभुत विद्यालय औलिगाउं | नर वहादुर खत्री | |
| ११ | श्री जनज्योति आधारभुत विद्यालय डाफे | रमेश कुमार के.सी. | |
| १२ | श्री मनकामना आधारभूत विद्यालय चूर्तिपाखा | भीम वहादुर बुढा | |
| १३ | श्री हिमालय माध्यमिक विद्यालय दाजे | शुरेस आर.सी. | |
| १४ | श्री सृजना आधारभूत विद्यालय घर्तीगाउं | नर वहादुर मल्ल | |
| १५ | श्री कालिका माध्यमिक विद्यालय सुन्दरपानी | जंग बहादुर बि.क. | |
| १६ | श्री लोक कल्याण आधारभुत विद्यालय सना | कर्ण वहादुर बटाला | |
| १७ | श्री बालकल्यान माध्यमिक विद्यालय आठविसकोट | केशव बहादुर हमाल | नि. प्र.अ. |
| १८ | श्री कमल आधारभूत विद्यालय हर्दिगाउ | मान वहादुर चन्द | |
| १९ | श्री सहिद स्मृति नमुना मा.वि. आठविसकोट | जीत बहादुर ओली | |
| २० | श्री दिपज्योति आधारभूत विद्यालय राडिज्यूला | धर्म बहादुर चन्द | |
| २१ | श्री सरस्वती आधारभूत विद्यालय मैडाडा | अमर प्रकाश मल्ल | |
| २२ | श्री साईराम आधारभुत विद्यालय घोरलास | राजेन्द्र कुसारी | |
| २३ | श्री जनविकास माध्यमिक विद्यालय घारीखोला | लक्ष्मीराज के.सी. | |
| २४ | श्री लालीगुरास आधारभूत विद्यालय भयाउने | जंग बहादुर शाही | |
| २५ | श्री सरस्वती आधारभुत विद्यालय फलाटे | कमान सिंह कुसारी | |
| २६ | श्री आधारभूत विद्यालय घाटीगौरा | नविन गौतम | |
| २७ | श्री दलित जनविकास आधारभूत विद्यालय गोइरी | फणेन्द्र कुमार वि.क. | |
| २८ | श्री त्रिवेणी आधारभूत विद्यालय स्यानीबार्खु | डिल्ली बहादुर घर्ती | |

| क्र.स. | विद्यालयको नाम | प्रधानाध्यापक पदमा छनौट भएका शिक्षकको नाम, थर | कैफियत |
|---|---|---|---|
| २९ | श्री जनकल्याण आधारभूत विद्यालय स्यूजिबाखु बल्दे | हरिभान पुन | |
| ३० | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय ठूलीबार्खु | प्रेम बहादुर पुन | नि. प्र.अ. |
| ३१ | श्री जनविकास आधारभुत विद्यालय ठूलीबार्खु | टेक बहादुर खत्री | |
| ३२ | श्री बालसेवा आधारभूत विद्यालय पिपलडांडा | धनवीर पुन | |
| ३३ | श्री बालकल्याण आधारभुत विद्यालय हम्पा | भीम बहादुर थापा | |
| ३४ | श्री आधारभूत विद्यालय घेत्मा गाउबारी | कर्ण वहादुर परियार | |
| ३५ | श्री सृजना आधारभुत विद्यालय पिपलचौर | कर्ण वहादुर पुन | |
| ३६ | श्री लालिगुरास आधारभुत विद्यालय सवारी | शेर वहादुर के.सी. | |
| ३७ | श्री जनविकास माध्यमिक विद्यालय ज्यामिरकोट | दिपक संगम थापा | |
| ३८ | श्री आर्दश माध्यमिक विद्यालय ज्यामिरकोट | चिन्ताराम शर्मा | |
| ३९ | श्री सरस्वती आधारभुत विद्यालय फर्साचौर | दल वहादुर वुढाथोकी | |
| ४० | श्री महादेव आधारभूत विद्यालय रोकाजा | शुशिला पुन | नि. प्र.अ. |
| ४१ | श्री नविन आधारभूत विद्यालय पहाडा | रविन्द्र बहादुर विश्वकर्मा | नि. प्र.अ. |
| ४२ | गोरखनाथ आधारभूत विद्यालय पाटागाउँ | खड्ग बहादुर बोहरा | नि. प्र.अ. |
| ४३ | इन्द्रज्योति आधारभूत विद्यालय चुठी | कमल बहादुर रोकाय | नि. प्र.अ. |
| ४४ | सरस्वति माध्यमिक विद्यालय मिग्री | मरिचमान विष्ट | नि. प्र.अ. |
| ४५ | जनता माध्यमिक विद्यालय झिनचौर | पूर्णबहादुर चन्द | नि. प्र.अ. |
| ४६ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय गत्तसैना | उद्योगजंग मल्ल | नि. प्र.अ. |
| ४७ | जुम्लेधारा आधारभूत विद्यालय चिसापानी | पवित्रा ओली | नि. प्र.अ. |
| ४८ | नवज्योति आधारभूत विद्यालय बुराज्याम्ना | कर्णबहादुर चन्द | नि. प्र.अ. |
| ४९ | जनकल्यान माध्यमिक विद्यालय गोइरी | रतिभान विक | नि. प्र.अ. |
| ५० | लालीकिरण आधारभूत विद्यालय चिप्लेटा | खड्गमान विक | नि. प्र.अ. |
| ५१ | जनयुवा आधारभूत विद्यालय ज्यूउलासोता | चुर्णबहादुर ओली | नि. प्र.अ. |
| ५२ | जनज्योति आधारभूत विद्यालय बाँकिज्यूउला | तिलक नारायण मल्ल | नि. प्र.अ. |

(ख) प्रधानाध्यापक पदमा छनौट भएका शिक्षकहरुसँग तत्काल कार्य सम्पादन करार सम्झौता गरी नियुक्ति दिई स्वीकृत मापदण्डको आधारमा मूल्यांकन गरी मासिक रुपमा कार्यपालिकामा प्रतिवेदन हुने व्यवस्था मिलाउने । सो कार्यको लागि शिक्षा, युवा तथा खेलकूद शाखा र शैक्षिक गुणस्तर परिक्षण केन्द्रलाई जिम्मेवारी दिने ।

(ग) निमित्त प्रधानाध्यापक पदमा छनौट भएका शिक्षकहरुसँग समेत निश्चित अवधिको लागि कार्य सम्पादन सम्झौता गर्ने । निमित्त प्रधानाध्यापक तोकिएका विद्यालयहरुले तत्काल मापदण्ड अनुसार योग्यता पुगेका शिक्षकहरुलाई प्रधानाध्यापकको रुपमा प्रचलित कानून अनुसार सिफारिस गर्ने प्रयोजनको लागि शिक्षा, युवा तथा खेलकूद शाखाले ताकेता गर्ने । ताकेता गर्दा समेत मापदण्ड अनुसार प्रधानाध्यापक सिफारिस नभएमा नगर कार्यपालिकाले अन्तिम निर्णय गर्ने ।

<u>निर्णय नं. ८</u> : पाँचौं विद्यालय अनुगमन प्रतिवेदन पारित गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो । पाँचौ विद्यालय अनुगमन प्रतिवेदन कडाईपूर्वक कार्यान्वयन गर्ने तथा गराउने निर्णय गरियो । साथै

विद्यालय अनुगमन प्रतिवेदनको आधारमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक व्यवस्थापन तथा थपघट गर्ने ।

<u>निर्णय नं. ९</u> : आठविसकोट नगरपालिका शैक्षिक गुणस्तर परिक्षण केन्द्रमा रहने पदाधिकारी तथा कर्मचारीहरु भर्ना सम्बन्धी प्रस्ताव सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो :–

(क) आठविसकोट नगरसभाबाट पारित वार्षिक बजेट तथा कार्यक्रम अनुसार शैक्षिक गुणस्तर परिक्षण केन्द्र सञ्चालन तथा व्यवस्थापनको लागि शैक्षिक गुणस्तर परिक्षण केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि अनुसार तोकिएको मापदण्ड र कार्य क्षेत्रगत विवरण समेतलाई विश्लेषण गरी उक्त केन्द्रमा रहने पदाधिकारी र कर्मचारीहरु कानून बमोजिम खुला प्रतिस्पर्धात्मक परिक्षाबाट छनौट गरी नियुक्त गर्ने ।

(ख) केन्द्रमा रहने पदाधिकारी र कर्मचारीहरुलाई प्रचलित कानून बमोजिम पारिश्रमिक र सेवा सुविधा उपलब्ध गराउने ।

<u>निर्णय नं. १०</u> : उच्च शिक्षा अध्ययन गर्न इच्छुक एवम् योग्य विद्यार्थीहरुलाई शैक्षिक ऋण तथा छात्रवृत्ती उपलब्ध गराउन विषयगत कोटा निर्धारण तथा छनौटको लागि दरखास्त आह्वान गर्ने सम्बन्धी प्रस्ताव सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो :–

| क्र.स. | छात्रवृत्ति दिने संकाय | कोटा | छात्रवृत्ति रकम | कैफियत |
|---|---|---|---|---|
| १. | स्वास्थ्य (स्टाफ नर्स/एचए/फार्मेसी) | २ | जनही रु दुई/दुई लाख | |
| २. | इन्जिनियरिङ (सव इन्जिनियर : मेकानिकल/सिविल/इलेक्ट्रिकल) | ३ | जनही रु दुई/दुई लाख | |
| ३. | पशुसेवा/कृषि (तीन वर्षे कृषि/भेटेनरी) | २ | जनही रु दुई/दुई लाख | |
| ४. | कानून संकाय (स्नातक तह) | १ | जनही रु दुई/दुई लाख | |
| ५. | सूचना प्रविधि (तीन वर्षे) | २ | जनही रु दुई/दुई लाख | |

<u>निर्णय नं. ११</u> : श्री शहिद स्मृति नमूना माध्यमिक विद्यालय सञ्चालनको लागि उक्त विद्यालयको आफ्नै भौतिक संरचना बनिनसकेको सन्दर्भमा मिति २०७६ श्रावण २९ र ३० गतेको नगर शिक्षा समितिको निर्णयानुसार भाडा पुनरावलोकन गर्न आवश्यक प्रतिवेदन तयार पारी नगर कार्यपालिका समक्ष पेश गर्न शिक्षा समितिका सदस्य श्री मुक्तिप्रसाद रिजाललाई जिम्मेवारी तोकिएकोमा निजले पेश गरेको प्रतिवेदन समेतको आधारमा आर्थिक वर्ष २०७६।०७७ को श्रावण १ गतेदेखि लागू हुने गरी साविकको मासिक भाडादरमा रु ३०,०००।०० (तीस हजारमात्र) थप गरी मासिक रु ८०,०००।०० (असी हजारमात्र) भाडा दर निर्धारण गर्ने र सोही बमोजिम सम्बन्धित सम्पत्ति धनी र विद्यालयविचमा सम्झौता गरी कार्यान्वयन गर्ने ।

<u>निर्णय नं. १२</u> : श्री शहिद स्मृति नमूना माध्यमिक विद्यालयको गणित, अतिरिक्त गणित र कम्प्युटर विषयको पठनपाठनमा सहजिकरण गर्नको लागि नगरपालिकाको काममा कुनै बाधा अवरोध नहुने गरी कार्यालय समय बाहेक आठविसकोट नगरपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत श्री गणेश चन्द, रोजगार अधिकृत श्री कमल भट्टराई र सहायक कम्प्युटर अपरेटर श्री मानबहादुर बटालालाई आंशिक शिक्षकको रुपमा नियुक्त गर्ने सम्बन्धि मिति २०७६ श्रावण २९ र ३० गतेको नगर शिक्षा समितिको बैठकको निर्णय सदर गर्ने ।

निर्णय नं. १३ : श्री शाईकुमारी आधारभूत विद्यालय रोकाजाखेत र श्री हिमालय माध्यमिक विद्यालय दाजेमा विद्यार्थीको अत्याधिक चापलाई मध्यनजर गर्दै हिमालय माध्यमिक विद्यालय दाजेमा १ जना वाल विकास कार्यकर्ता र शाईकुमारी आधारभूत विद्यालय रोकाजाखेतमा १ जना प्राथमिक तह करार स्वयमसेवक शिक्षक थप गर्ने सम्बन्धी नगर शिक्षा समितिको मिति २०७६ श्रावण २९ र ३० गतेको निर्णय सदर गर्ने ।

निर्णय नं. १४ : बाल दिवश २०७६ को अवसरमा आयोजना गरिने माध्यमिक विद्यालय स्तरिय विज्ञान प्रदर्शनिमा उत्कृष्ट हुने १० जना छात्रछात्रा र सोही विद्यालयका ५ जना विज्ञान शिक्षक र नगरपालिका कार्यालयबाट ५ जनालाई दशैं र तिहारको विच अवधिमा भारतका प्रतिष्ठित स्थानमा रहेका विज्ञान तथा प्रविधि सङ्ग्रहालय अवलोकन भ्रमण गराउने सम्बन्धी नगर शिक्षा समितिको मिति २०७६ श्रावण २९ र ३० गतेको निर्णय सदर गर्ने ।

निर्णय नं. १५ : बाल दिवश, २०७६ को अवसरमा आयोजना हुने नगरपालिका स्तरिय अतिरिक्त क्रियाकलापमा विभिन्न स्थान प्राप्त गर्ने विद्यालय, विद्यार्थी र सहभागि विद्यालयलाई पुरुस्कार तथा सहभागि रकम निर्धारण गर्नको लागि  नगर शिक्षा समितिको मिति २०७६ श्रावण २९ र ३० गतेको निर्णय अनुसार पेश भएको प्रस्ताव सम्बन्धमा नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रमको सिमाभित्र रहि शिक्षा, युवा तथा खेलकूद शाखाले सम्बन्धित पक्षसँग आवश्यक परामर्श गरी पुरुस्कार रकम निर्धारण गर्ने गरी उक्त निर्णय सदर गर्ने ।

निर्णय नं. १६ : आठविसकोट नगरपालिकाका सामुदायिक विद्यालयहरुका अङ्ग्रेजी शिक्षकको तालिम सम्बन्धमा नगर प्रमुख श्री गोर्खबहादुर के.सी. र English for all लैनचौर काठमाण्डौंका निर्देशक सुशन डेइथसँग भएको करार सम्झौता रद्द गर्दा उक्त संस्थताले रु २४,०००।०० (चौविस हजारमात्र) क्षति व्यहोर्नु परेकाले सोको क्षतिपूर्ति स्वरुप हुन आएको रकम उपलब्ध गराउने सम्बन्धी नगर शिक्षा समितिको मिति २०७६ श्रावण २९ र ३० गतेको निर्णय सदर गर्ने ।

निर्णय नं. १७ : आठविसकोट नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुको लागि स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा प्रस्ताव पेश गरेका परामर्शदाता नेपाल करियर ट्रेनिङ फाउन्डेशन प्रा.लि. बागबजार काठमाण्डौंसँग सम्झौता गर्ने सम्बन्धी नगर शिक्षा समितिको मिति २०७६ श्रावण २९ र ३० गतेको निर्णय सदर गर्ने ।

निर्णय नं. १८ : आठविसकोट नगरपालिकाका सामुदायिक विद्यालयहरुमा रहने गरी पाँच जना संगित शिक्षक दरवन्दी सिर्जना गर्ने सम्बन्धी नगर शिक्षा समितिको मिति २०७६ श्रावण २९ र ३० गतेको निर्णय सदर गर्ने ।